# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०५।१२ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

-----------------------------------------------------------------

नेपाल विद्युत प्राधिकरण केन्द्र, भरतपुर वितरण केन्द्र, चितवनका कार्यालय सहयोगी कृष्णबहादुर सुवेदीले विद्युत प्रशारण लाइनको पोल मर्मत कार्य गर्ने सिलसिलामा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिइ गएको टोलीले निजलाई रु.२०,०००।-(बीस हजार) घुस रकम लिएको अवस्थामा भरतपुर महानगरपालिका-७ मर्स्याङ्डी टोलमा रहेको जीवनज्योती मिनरलवाटर एण्ड बेभरेज ईन्डष्ट्रिजबाट मिति २०७५।०५।११ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता